## प्रेस विज्ञप्ती

## नेपाल बैंकको डिजिटल बैंकिङ्ग वित्तीय साक्षरता कार्यक्रम सम्पन्न

रामेछाप जिल्ला लिखुतामाकोसी गाँउपालिका ६ नं वडा कार्यालयको आयोजना तथा नेपाल बैक लिमिटेडको सहकार्यमा यहि मिति २०७८/०६/२३ गते शनिवारका दिन तामाकोसी जनजागृती मा.वि. खिम्तीमा **नेपालीहरुको महान चाडपर्वको उपलक्ष्यमा शुभकामना आदान प्रदान कार्यक्रम सहित डिजिटल बैकिङ्ग वित्तीय साक्षरता कार्यक्रम** सम्पन्न भयो । लिखुतामाकोसी गाँउपालिका ६ नं वडा कार्यालयका वडा अध्यक्ष श्री शिव प्रसाद न्यौपानेको सभापतित्वमा संचालित सो वित्तीय साक्षरता कार्यक्रमको उद्घाटन कार्यक्रमका प्रमुख अतिथि बाग्मती प्रदेशका बन, बाताबरण तथा उद्योग मन्त्री माननिय श्री शान्ती प्रसाद पौडेलले पानसमा बत्ती बालेर गर्नुभएको थियो । त्यसैगरि कार्यक्रममा बिशेष अतिथिको रुपमा नेपाल बैकका प्रमुख कार्यकारी अधिकृत श्री कृष्ण बहादुर अधिकारी र रामेछाप जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री दिपक पहाडी रहनुभएको थियो । कार्यक्रम रामेछाप जिल्लाका प्रहरी प्रमुख श्री नवराज ढुङ्गाना, लिखुतामाकोसी गाँउपालिकाका उप-प्रमुख श्री दिपसिखा दाहाल र नेपाल बैकका बाग्मती प्रादेशिक कार्यालयका प्रमुख श्री बिनय केसरी पौडेल लगायतका अतिथिहरुका साथै लिखुतामाकोसी गाँउपालिका वडा नं. ६ लगायत यस क्षेत्र आसपासका करिव ३०० जना स्थानिय बासिन्दाहरु, व्यापारीहरु, व्यवसायीहरु, उद्योगीहरु, बिद्यार्थीहरुको उपस्थितीमा करिव ४ घण्टा सो कार्यक्रम संचालन भएको थियो । कार्यक्रममा प्रमुख अतिथि बाग्मती प्रदेशका बन, बाताबरण तथा उद्योग मन्त्री माननिय श्री शान्ती प्रसाद पौडेलले आर्थिक विकासको लागि सरकार र बैकिङ्ग क्षेत्रको सहकार्यको अनिवार्य आवश्यकता रहेको र यसको लागि सरकार सधैं तयार रहेको कुरा बताउनुभयो । त्यसै गरि नेपाल बैकका प्रमुख कार्यकारी अधिकृत श्री कृष्ण बहादुर अधिकारीले ग्राहक महानुभावहरुले बैक प्रति देखाएको अपार विश्वास प्रति कृतज्ञता प्रकट गर्दै नेपालको पहिलो बैकको रुपमा रहेको नेपाल बैकले ग्राहकको चाहना अनुसार प्रतिस्पर्धी मुल्यमा गुणस्तरिय बैकिङ्ग सेवा उपलब्ध गराएको व्यहोरा जानकारी गराउदै बैकवाट लाभान्वित हुन सम्पुर्णमा आग्रह गर्नुभएको थियो । बैकिङ्ग ज्ञान अभिबृदि गर्न, बचत प्रोत्साहन गर्न, पूँजी निर्माण गरि उद्यमशिलता बृद्धि गर्ने साथै पछिल्लो समयमा कोभिड-१९ को महामारीको समयमा डिजिटल बैकिङ्ग प्रति ग्राहक महानुभावहरुले देखाएको आर्कषणको साथै डिजिटल बैकिङ्गका फाईदा तथा चुनौतीहरुको बारेमा कार्यक्रमका प्रशिक्षकहरुले प्रकाश पार्नु भएको थियो ।

मिति: २०७८ कार्तिक १ गते सोमबार

भवदीय,

(समता पन्त)
नायव प्रमुख कार्यकारी अधिकृत




"डिजिटल बैंकिङ्ग बितीय साक्षरता कार्यक्रम"
मिति: २०७८ असोज २३ गते शनिबार
प्रायोजक
आयोजक
६ नं. वडा कार्यालय